का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ११७
❒ ४ असार २०७७, बिहीबार
❒ 18 June 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेटः बुधबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ७१७७ जना | ११६७ जना | १४२५९५ | ५९९० | २० जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ८४ लाख ८ हजार | ४३ लाख ४८ हजार | ४ लाख ४७ हजार | ३५ लाख १२ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम




चीनको स्वशासित क्षेत्र तिब्बत भोम्बा काउन्टीबाट नेपालको मुस्ताङलाई प्रदान गरिएको स्वास्थ्य सामग्री । काउन्टीले नेचुङस्थित सशस्त्र प्रहरी बलको बिओपीलाई दोस्रो पटक जेनेरेटर लगायत स्वास्थ्य सामग्री उपलब्ध गराएको हो । तस्बिरः निरज थकाली, रासस

# बुधबार अहिलेसम्मकै उच्च संख्यामा संक्रमण

## ■ मृतक संख्या २० पुग्यो, बुधबार ५८६ जनामा संक्रमण

**बुधबार अहिलेसम्मकै उच्च संख्यामा संक्रमण पुष्टि भएको छ । बुधबार ५८६ जनामा संक्रमण पुष्टि भएसँगै नेपालमा संक्रमित संख्या ७१७७ पुगेको छ । मंगलबार एक जनाको मृत्यु भएपछि मृतक संख्या २० पुगेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार ।

गएको २४ घण्टामा अहिलेसम्मकै उच्च संख्यामा संक्रमित पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी बुधबार अहिलेसम्मकै उच्च संख्यामा संक्रमित पुष्टि भएको जानकारी दिएको छ । गएको २४ घण्टामा मात्रै ५८६ जनामा संक्रमण पुष्टि भएको छ ।

बुधबार एकै दिन यति ठूलो संख्यामा संक्रमण देखिएसँगै नेपालमा संक्रमित संख्या सात हजार १७७ पुगेको छ । गएको २० घण्टामा थप एक जनाको संक्रमणबाट मृत्यु भएको छ । मृतक संख्या पनि २० पुगेको छ ।

मन्त्रालयका अनुसार, बाँकेको बैजनापुर-६ की ४६ वर्षीया एक महिलाको संक्रमणबाट मृत्यु भएको छ । मिर्गौला सम्बन्धी समस्याका कारण जेठ ३० मा नेपालगञ्ज मेडिकल कलेज, कोहलपुरमा भर्ना गरिएको थियो । उनको असार १ गते स्वाब संकलन गरिएको थियो । सोही दिन उनको मृत्यु भएको थियो भने रिपोर्ट भने मंगलबार मात्रै आएको छ । उनको कोरोना रिपोर्ट पोजिटिभ आएको छ । रिपोर्ट नआउँदै ती संक्रमित महिलाको भने मृत्यु भएको छ ।

मन्त्रालयका अनुसार, बुधबार महोत्तरीमा दुई सय जनामा संक्रमण पुष्टि भएको छ । यो सँगै, प्रदेश नं २ मा कोरोना संक्रमितको संख्या दुई हजार ३६७ पुगेको छ । मन्त्रालयका अनुसार, रौतहटका १२७, प्युठानका ३८, बर्दियादका ३१, गुल्मी र धनुषाका २६/२६, सल्यानका २५, नवलपुरका १७, कालिकोटका १४, अर्घाखाँचीका १२ र बाँकी पृष्ठ २ मा

# नागरिकताबारे सहमति जुटाउन पाँच दिन

**प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको असहमतिका कारण नेपाली नागरिकसँग विवाह गर्ने महिलालाई सात वर्ष पछाडि मात्रै नागरिकता दिने समितिको प्रस्तावमा सहमति जुट्न सकेन । आइतबारसम्म सहमति जुटाउने समय दिइएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार ।

संघीय संसदको राज्य व्यवस्था तथा सुशासन समितिले नागरिकता कानूनबारे सहमति जुटाउन पाँच दिनको समय दिएको छ । समितिका सभापति शशी श्रेष्ठले बुधबारको बैठकमा नागरिकताबारे सहमति जुटाउन आइतबारसम्मको समय दिएकी हुन् ।

समितिको बैठकमा नेपाली नागरिकसँग विवाह गर्ने महिलाबारे छलफल भएको थियो । समितिले नेपालीसँग विवाह गर्ने महिलालाई सात वर्ष पछाडि मात्रै अंगीकृत नागरिकता दिने र त्यस अगाडि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार भने उपभोग गर्न पाउनेगरी स्थायी आवासीय अनुमतिपत्र दिने प्रस्ताव पेश भएको थियो ।

समितिले पेश गरेको यो प्रस्तावमा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सांसदहरुले समर्थन जनाएका थिए । तर, प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सांसदहरुले समर्थन गरेनन् । काँग्रेसका सांसदहरुले समितिमा प्रस्तावित प्रस्तावमा असहमति जनाएपछि गृहमन्त्री रामबहादुर थापाले पाँच दिनको सहमति मागे ।

वैवाहिक अंगीकृत नागरिकताबारे काँग्रेसले पुरानै अडान राखेका थिए । समितिका सदस्यहरुबीच सहमति जुट्न नसकेपछि गृहमन्त्री थापाले मागेको समय सभापति श्रेष्ठले दिएकी छन् । सभापति श्रेष्ठले यसबारे आउने आइतबारभित्र सहमति जुटाउन निर्देशन दिएकी छन् । "गृहमन्त्रीले राजनीतिक सहमति जुटाउन समय माग्नुभए पछि आउने आइतबारसम्म त्यसका लागि समय दिइएको छ", सभापति श्रेष्ठले भनिन् ।

बुधबार बिहान काँग्रेसले नै आफ्ना सांसदहरुलाई पुरानै अडानमा रहन निर्देशन दिएको थियो । काँग्रेसले पुरानै अडान नछोडेपछि नागरिकताजस्तो संवेदनशील विषयमा राष्ट्रिय सहमतिका साथ अगाडि बढ्नुपर्ने गृहमन्त्री थापाको अडान छ ।

"यो गम्भीर विषय हो । सबै दलहरु एक ठाउँमा भएर जानुपर्ने विषय छ । त्यसैले प्रमुख प्रतिपक्षी काँग्रेसको असहमतिका बाबजुद अघि बढ्न सकिन्न" बैठकमा मन्त्री थापाले भने, "थप छलफल गरेरै अघि बढ्छौं ।"

सरकारले नै समय मागेपछि बुधबार नै पारित गर्ने तयारी भएपनि नागरिकता विधेयक रोकिएको छ । दुई वर्ष देखि यो विधेयक पारित हुन सकेको छैन । काँग्रेस लगायत जनता समाजवादी पार्टीले अहिलेकै व्यवस्था पारित हुनुपर्ने अडान लिदै आएको छ । मधेश आन्दोलन पछाडि वैवाहिक अंगीकृत नागरिकता सजिलै पाउन व्यवस्था छ ।



बैवाहिक अंगीकृत नागरिकताबारे सहमति जुटाउन बुधबार राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सहभागी गृहमन्त्री र सांसदहरू । तस्विर देशसंचार डटकम

# जेठसम्म संस्थागतरूपमा पौने दुई लाख कामदार विदेशिए

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ जेठ

चालु आर्थिक वर्षको जेठसम्म संस्थागतरुपमा करिब पौने दुई लाख नेपाली कामदार मात्र वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको जेठ मसान्तसम्मको प्रगति विवरण अनुसार यस वर्ष १ लाख ७२ हजार २ सय ६६ जना नेपाली मात्र संस्थागतरुपमा वैदेशिक रोजगारीमा गएका छन् । त्यसमा महिला कमदारहरुको संख्या १५ हजार १ सय २९ र पुरुष कामदारहरुको संख्या १ लाख ५७ हजार १ सय ३७ रहेको छ ।

विश्वका विभिन्न देशमा कोरोना भाइरस संक्रमण बढेपछि गत फागुन शुरु देखि नै वैदेशिक रोजगार क्षेत्र सुस्ताएको थियो । कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिले गत फागुन २९ गतेदेखि वैदेशिक रोजगारीमा जाने श्रम स्वीकृति स्थगनको निर्देशन दिएपछि वैदेशिक रोजगार विभागले गत फागुन ३० गतेदेखि श्रम स्वीकृति रोकेको छ ।

**नयाँ र पुराना गरी ५ लाख विदेशिए**

गत वर्ष समग्ररुपमा ५ लाख ८ हजार ८ सय २८ जना वैदेशिक रोजगारीमा गएका थिए भने संस्थागत रुपमा वैदेशिक रोजगारीमा गएका नेपाली कामदार हरुको संख्या २ लाख ८ हजार ३ सय ५१ मात्र थियो । गत वर्ष लामो समय प्रमुख रोजगार गन्तव्य मलेसिया बन्द हुँदा वैदेशिक रोजगारीमा जाने कामदारहरुको संख्या अघिल्ला वर्षहरुको तुलनामा ह्वात्तै घटेको थियो । अर्थमन्त्रालयले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण अनुसार गत फागुन मसान्तसम्म १ लाख ९० हजार ३ सय ८८ जना नेपाली वैदेशिक रोजगारीमा गएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अनुसार श्रम स्वीकृति स्थगनअघि रोजगारदाताले भिसा दिई वैदेशिक रोजगार विभागबाट विदेश जाने श्रम स्वीकृति प्राप्त गरेका १ लाख १५ हजार कामदारले विदेश जान नपाएको बताएको छ । पूर्व स्वीकृति प्राप्त गरेका ३ लाख २८ हजार ६ सय ८१ जना कामदारले अन्तिम श्रम स्वीकृति पाउन सकेका छैनन् ।

**खाडी र मलेसियामा लकडाउन खुकुलो**

नेपाली कामदारहरुका लागि डिमाण्ड पठाएकामध्ये कतिपय देशमा कोरोना भाइरस संक्रमण उच्चतहमा रहे पनि आवागमन खुकुलो भई रोजगारी शुरु भएको छ । हालसम्म साउदी अरब, यूएई, ओमान, कुवेत, मलेसियालगायत नेपाली कामदारहरुको प्रमुख गन्तव्य मुलुकहरुले लकडाउन खुला गरी कडा सुरक्षाकाबीच औद्योगिक उत्पादन र निर्माण कार्य शुरु गरेका छन् ।

नेपालले असार १ गतेदेखि लकडाउन खुकुलो गर्दै कडा स्वास्थ्य प्रवन्धकाबीच सरकारी कार्यालयहरु दुई सिफ्टमा सञ्चालन गरेपनि गत फागुन अन्तिमबाट बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### धेरै कामदार पठाउने १० म्यानपावर

| कम्पनीको नाम | गत वर्ष | यस वर्ष |
|---|---|---|
| दि रिभर ओभरसीज प्रा.लि | ५२८५ | ३१३६ |
| प्याराडाईज ओभरसीज प्रा.लि. | ३२२७ | २८२५ |
| एसओएस म्यानपावर सर्भिसेज प्रा.लि. | ४२८१ | २७३१ |
| भिजन एण्ड भ्यालु ओभरसीज प्रा.लि. | ३३६० | १६१६ |
| अञ्जली ओभरसीज प्रा.लि. | २१९० | १८१४ |
| सान नेपाल प्रा.लि. | २०२५ | १३०१ |
| नोकरी नेपाल रिक्रुटमेन्ट प्रा.लि. | २०२० | १४३६ |
| साउण्ड लाइन इन्टरनेशनल रिक्रुटमेन्ट प्रा.लि. | १८१८ | १३१३ |
| अक्स्फोर्ड इन्टरनेशनल प्रा.लि. | १७७६ | ६५५ |
| स्वीफ्ट गोर्खा इन्टरनेशनल प्रा.लि. | १६८२ | ७१३ |

## 'उद्धारको काम तीव्र पारिन्छ'

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले विदेशमा कोरोना भाइरस संक्रमणका कारण छट्पटिएका नेपाली कामदार फर्काउने क्रमलाई तीव्र पारिने बताएका छन् । बुधबार राष्ट्रियसभा बैठकमा आफ्नो मन्त्रालयमाथि विनियोजित बजेटमाथिको छलफलका क्रममा उठेका जिज्ञासाको जवाफ दिँदै मन्त्री यादवले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय र कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिबीच समन्वय भई विदेशमा अलपत्र परेका नेपालीहरुलाई ल्याउने काम भइरहेको बताए । मन्त्री यादवले अदालतले दिएको आदेश समेतलाई ध्यान दिएर विदेशमा रहेका कामदारहरुलाई उद्धार गरी राहत प्रदान गरिने जानकारी दिए । नेपाल ल्याइएकाहरुलाई होल्डिङ्ग सेन्टरहरुमा स्वास्थ्य परीक्षणसहित बाँकी पृष्ठ २ मा

# 'मेलम्चीको पानी असारमै परीक्षण'

**खानेपानीमन्त्री बीना मगरले मेलम्चीको पानी परीक्षणको काम असारमै हुने र परीक्षण लगत्तै खानेपानी राजधानीमा आउने जानकारी दिएकी छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार ।



खानेपानीमन्त्री बीना मगरले मेलम्चीको पानी परीक्षणको काम असारमै हुने जानकारी दिएकी छन् । राष्ट्रियसभामा सांसदहरुको प्रश्नको उत्तर दिँदै मन्त्री मगरले असारमा परीक्षण सकिएपछि पानी काठमाडौं झारिने बताए ।

पानीको वितरणका लागि आवश्यक व्यवस्थापनको काम आयोजना कार्यान्वयन निर्देशनालयले गरिरहेको जानकारी गराइन् । पानीको वितरण काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले नै गर्ने मन्त्री गमरको भनाइ थियो । मन्त्री मगरले भनिन्, "पानी घरघरमा पुग्ने कुरामा शङ्का गर्नुपर्ने अवस्था छैन ।"

आयोजना समयमा सम्पन्न नहुँदा काठमाडौंवासी मात्रै नभएर सबै नेपाली निरास बनाएको उनको भनाइ थियो । आयोजना सञ्चालनका क्रममा थुप्रै प्रतिबद्धता जाहेर भए पनि विगतमा अन्योल र निरासा देखिएको मन्त्री मगरले बताइन् । आयोजना निर्माण भइरहँदा कहिले भूकम्प त कहिले ठेक्का तोड्नुपर्ने अवस्था र निर्माण मजदूरको आन्दोलन लगायतका समस्या आएको मन्त्री मगरले बताइन् ।

अहिले विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को प्रकोपबीच पनि पहिलो चरणको आधारभूत काम सम्पन्न हुने क्रममा रहेको मन्त्रालयले जनाएको छ । मन्त्री मगरले भनिन्, "सबै चुनौती भए पनि आगामी आवको शुरुमा पानी वितरण गरिनेछ, त्यो दिन सबै नेपालीको गौरवको दिन हुनेछ ।"

मन्त्रालयलाई भर्खर मात्रै क्वारेन्टिनमा खानेपानी र शौचालय, सरसफाइ निर्माणको जिम्मेवारी आएकाले त्यो कार्यान्वयनमा लागेको मन्त्री मगरले बताइन् । अहिले आवश्यकतानुसार छिटोभन्दा छिटो कार्यान्वयन गर्न मन्त्रालय अघि बढ्ने उनको भनाइ छ ।

खानेपानी तथा सरसफाइ विधेयक सदनमा छलफलका क्रममा रहेको र यसै अधिवेशनबाट पारित हुने उनले बाँकी पृष्ठ २ मा

# 'भूमि बैंकमा चलखेल'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ जेठ



प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले भूमि बैंक स्थापना गर्ने सम्बन्धमा छलफल शुरु गरेको छ। सरकारले बजेट मार्फत नै भूमि बैंकलाई प्राथमिकतामा राखेपछि समितिले छलफललाई अगाडि बढाएको छ। छलफलमा भू उपयोग ऐनको स्प्रिट अनुसार भूमि बैंकको स्थापना गर्ने विषयमा चलखेल हुन थालेको भन्दै समितिको ध्यानाकर्षण भएको समितिका सभापति पूर्णकुमारी सुवेदीले बताइन्।

उनले अहिले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले कम्पनी मोडलमा भूमि बैंकको स्थापना गर्न खोजेको भन्दै त्यसमा समिति सचेत बनेको स्पस्ट पारिन्। उनले भूमाफियाहरुले कुनैपनि रुप र रंगबाट चलखेल गर्न सक्ने विषयमा आफुहरु सचेत रहेको र भूमि बैंकलाई बाँझो जमिनको अधिकतम उपयोग हुने गरी स्थापना गर्ने सम्बन्धमा छलफल अगाडि बढाइएको बताइन्। उनले भनिन्, 'हामीले विचौलियाहरुले, माफियाहरुले कतै फेरी उनीहरुले फेरी अर्को रुप र रंगबाट चलखेल गर्ने त होइनन् भन्ने विषयमा हामी सचेत छौं।'

मन्त्रालयबाट कम्पनीको मोडलमा लैजाने गरी कार्ययोजना ल्याउन लागिएको भन्दै सभापति सुवेदीले समितिले कम्पनी मोडलामा भूमि बैंक स्थापना हुन नदिने बताइन्। उनले भू उपायोग ऐनमा ल्याएको प्रस्तावमा पनि कम्पनी मोडलमा जाने भन्ने नरहेको स्पस्ट पारिन्।

भूमि बैंकलाई कम्पनी मोडेलमा लगिए घातक हुने समेत सभापति सुवेदीले बताइन्। स्थानीय तहमा बाँझो जग्गामा खेतिगर्ने र उत्पादनलाई वृद्धि गरी कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यले भूमि बैंकको अवधारणा आएको उनले बताइन्।

समितिको बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव केदार न्यौपानेले भूमि बैंक स्थापनाका विषयमा बुझाई फरक देखिएको बताए। उनले भूमाफियाहरु हटेर जाने गरी नै भूमि बैंक स्थापना गर्न लागिएको बताए। उनले भूमि बैंक कम्पनी मोडलमा भएपनि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा मात्रै स्थापना हुने बताए। उनले भूमि बैंकलाई मुद्राको कारोबार गर्ने बैंकसँग तुलना गर्न नमिल्ने बताए। भूमि बैंकको स्थापना भएपछि भूमि लिने र दिने बिचको कारोबार सहज बन्ने र भूमाफियाहरुले अवसर नपाउने उनले स्पस्ट पारे।

सरकारले बजेट मार्फत भूमि बैंक स्थापना गर्नका लागि ५० करोड रुपैयाँ विनियोजन गरेको सचिव न्यौपानेले बताए। उनले चालु आर्थिक वर्षको अन्तिमदेखि नै कामलाई अगाडि बढाउने गरी गृहकार्य भइराखेको समेत जानकारी दिए। बैठकपछि समितिले भूमि बैंकलाई कम्पनी मोडलमा लैजान नहुने निष्कर्ष निकाल्दै एक महिना भित्र कार्यविधि र कार्ययोजना तयार गरि समितिमा पेश गर्न मन्त्रालयलाई निर्देशन दिएको छ।

निर्देशनमा भनिएको छ, 'जमिन बाँझो राख्ने कार्यलाई दुरुत्साहन गर्न र जमिनको उत्पादकत्व बढाउन किसानका हातमा जमिन पुऱ्याउने गरी भूमि बैंकको स्थापना र सञ्चालन गर्ने विधायकि मनसाय हो। जसले खाद्य सुरक्षा प्रवर्दनमा समेत सघाउ पुगि उत्पादकत्व वृद्धि हुन जान्छ। तसर्थ किसानको सहभागितामा प्रत्येक स्थानीयत हमा भूमि बैंक स्थापना गरी जमिनको उच्चतम उपयोग हुनेगरी स्पस्ट कार्यविधि तथा कार्ययोजना तयार गरी एकमहिना भित्र समिति समक्ष पेस गर्न भूमि मन्त्रालयलाई निर्देशन दिने।'

# सोती घटनाका २१ अभियुक्तको सकियो बयान




**रुकुम/मस–** चौरजहारी नगरपालिका, सोती घटनामा अभियोग लागेका प्रतिवादीको बयान रुकुम अदालतमा जारी छ। सोमबारदेखि शुरु भएको बयानअन्तर्गत मंगलबार थप १० जनाको बयान सकिएको रुकुम अदालतले जनाएको छ।

यससँगै आजसम्म २१ जनाको बयान सकिएको छ। पक्राउ परेकामध्ये अब आठ प्रतिवादीको मात्र बयान बाँकी रहेको रुकुम अदालतका स्रेष्तेदार कृतबहादुर बोहराले जानकारी दिए। सोमबार दुई नाबालक र मङ्गलबार नौ जनाको बयान सकिएको थियो।

प्रतिवादीको बयान सकिएपछि थुनछेक बहस शुरु हुने स्रेष्तेदार बोहराको भनाइ छ। 'पक्राउ परेका प्रतिवादीहरुको बयान भोलि(बिहीबार)सम्ममा सकिने देखिएको छ,' उनले भने, 'बयान सकिएलगत्तै थुनछेक बहस शुरु हुने छ, समय भए भोलिबाटै पनि थुनछेक बहस शुरु हुन सक्छ।'

उनका अनुसार बिहीबार बयान सकिन समय लागे शुक्रबारदेखि थुनछेक बहस शुरु हुने छ। गत जेठ १० गते ६ जनाको ज्यान जाने गरी भएको घटनामा संलग्न भएको आरोप लगाउँदै जिल्ला सरकारी वकिल कार्यालयले रुकुम अदालतमा ३४ जनाविरुद्ध मुद्दा दर्ता गराएको छ। तीमध्ये दुई नाबालकसहित २९ जना पक्राउ परिसकेका छन् भने पाँच जना फरार छन्। चौंतीस जनामध्ये ३३ जनालाई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, जातीय भेदभाव र छुवाछुतको कसुरमा मुद्दा दर्ता गरिएको छ भने एक जनाविरुद्ध मतियारको मुद्दा लगाइएको छ। यसैबीच सोमबार बयान र थुनछेक बहस सकिएका दुई नाबालकलाई भने मुद्दा पुर्पक्षका लागि बालसुधार गृहमा पठाउन अदालतले आदेश दिइसकेको छ।

# वैकल्पिक विधिले ज्ञानमा रुपान्तरण : शिक्षामन्त्री



**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले वैकल्पिक सिकाइ पद्धतिका कारण शिक्षा ज्ञान हस्तान्तरण मात्र नभई अब ज्ञान निर्माणको थलोमा समेत रुपान्तरण हुने बताएका छन्। राष्ट्रियसभाको बुधबारको बैठकमा विनियोजन विधेयक, २०७७ माथिको छलफलमा जवाफ दिँदै मन्त्री पोखरेलले विद्यार्थी स्वाध्यानमा केन्द्रित हुँदै र घरपरिवारलाई नै लघु विद्यालयमा रुपान्तरण गरिँदा ज्ञान हस्तान्तरणसँगै ज्ञान निर्माणमा रुपान्तरण हुने भएको बताएका हुन्।

उनले कोरोना महामारी र बन्दाबन्दीका कारण खुला तथा दूर र वैकल्पिक शिक्षा बाध्यतात्मक अवस्था भएकाले गत जेठ १८ गते जारी भएको वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका, २०७७ को कार्यान्वयनका क्रममा यही असार १ देखि खुला तथा दूर शिक्षा प्रारम्भ भएकाले कार्यान्वयनका लागि सबै प्रदेश र स्थानीय तहलाई आग्रह गरे। हाल करिब तीन हजार सामुदायिक विद्यालयमा क्वारेन्टिन कायम रहेकाले पनि तत्काल पढाइ सञ्चालन गर्न नसकिने उनले स्पष्ट पारे। मन्त्री पोखरेलले विद्यार्थीलाई सबै किसिमका प्रविधिको पहुँचभन्दा बाहिर रहेका, रेडियो तथा टेलिभिजन र सूचना सञ्चारमा पहुँच भएका जस्ता गरी छ प्रकारमा वर्गीकरण गरी ती सबैको सिकाइमा निरन्तरता हुने गरी निर्देशिका ल्याइएको छ।

# पीसीआर परीक्षण बढाउन माग



**काठमाडौं/मस–** सांसदले कोभिड-१९ को सङ्क्रमणको जोखिमका सन्दर्भमा कैलालीको क्वारेन्टाइनमा रहेकी महिलामाथि बलात्कारमा संलग्न व्यक्तिलाई कारवाही गर्न र पीसीआर परीक्षण बढाउन सरकारको ध्यानाकर्षण गराएका छन्।

राष्ट्रियसभाको आजको शून्य समयमा भाग लिँदै नेकपाकी शारदादेवी भट्टले सिङ्गो समाज कोरोनामा जुधिरहेका बेला बलात्कारमा संलग्न व्यक्तिलाई कानूनी दायरामा ल्याएर कडा सजाय दिलाउन सरकारलाई सुझाव दिइन्। उनले भनिन्, 'बलात्कारलगायतका घटनामा संलग्न व्यक्ति कोरोना भन्दा ठूला भाइरस भएकाले दोषीलाई कडा कारवाही होस्।'

सोही दलकी विमला पौडेलले कोभिड -१९ को सङ्क्रमणसँगै महिला र बालबालिका विभिन्न समस्यामा परेकाले सरकारलाई यसतर्फ विशेष चनाखो हुन सुझाव दिइन्। नेकपाकै शेरबहादुर कुँवरले भारतका विभिन्न स्थानमा पेशा व्यवसायमा संलग्न रहेकामध्ये रोजगारी गुमाएर घर फर्केकामध्ये सुदूरपश्चिमका क्वारेन्टाइनमा ७० हजारदेखि ९० हजारसम्म बस्दै आएकाले उनीहरुको पीसीआर परीक्षण गर्न ढिलाइ भएकाले परीक्षण केन्द्र विस्तार गर्न तथा बलात्कारको घटनामा संलग्नलाई कारवाही गर्न सरकारको ध्यानाकर्षण गराए।

सोही पार्टीकै रामनारायण बिडारीले विदेशमा कोभिड- १९ का कारण अलपत्र परेका नागरिकलाई तत्काल स्वदेश ल्याउने व्यवस्था गर्न सरकारलाई सुझाव दिए। उनले भने, 'विदेशमा गएकाहरु अहिले रोग र भोकले समस्यमा परेका छन्, अहिले सङ्कटमा परेका पैसा नभएका त्यस्ता नागरिकलाई यहाँ ल्याउने व्यवस्था होस्।'

नेकपाकै सुमित्रा बिसीले जाजरकोटको चुदिचाँदीमा भएको जीप दुर्घटनाका घाइतेको उपचार व्यवस्था मिलाउन तथा महिलाहिंसाका घटनामा संलग्नलाई कानूनी कठघरामा उभ्याउन सरकारसँग आग्रह गरिन्। सोही दलकी विमला घिमिरेले केही समयअघि श्रीमान् गुमाएकी हेटौंडा सूर्यचोककी सुस्मितालाई मारिएको घटनाको गम्भीर छानबिनसहित दोषीलाई पक्राउ गरी कारवाहीको दायरामा ल्याउन सुझाव दिइन्।

नेकपाकै सुमनराज व्याकुरेलले धनुषाको सदा परिवारमा भएको मृत्युको घटनाको छानबिनका लागि माग गरे। नेपाली काँग्रेसका रमेशजङ्ग रायमाझीले सरकारले झापाको मङ्गलबारे अस्पताललाई मदन भण्डारी अस्पताल नामकरण गर्न खोजेका कारण जनताको विरोध भएकाले पुरानै नाम कायम गरियोस् भने।

मलेसियास्थित नेपाली राजदूत उदयराज पाण्डेले केही दिनअघि मलेसियाका रोजगारदाता कामदार खोज्दै नेपाली दूतावास आउन थालेको भन्दै टप ग्लोब्स कम्पनीले तत्काल ४ सय कामदार खोजेको जानकारी दिएका थिए।

कोरोना भाइरसका कारण यूरोपमा स्वास्थ्य सामग्री पठाउने मलेसियाका रबर उद्योगहरुले उल्लेख्य नाफा कमाइरहेका छन्। राजदूत पाण्डेले ईन्टर्नमा रहेका विद्यार्थीहरु छन् भने दिनुहोस् भनी आग्रह गरिरहेको बताएका छन्। विदेशबाट कामदार नगए आफ्नो देशमा रहेका विदेशी कामदारको 'रिहाईरिङ' भनिने पुनः भर्ना प्रक्रिया शुरु गरेर भएपनि मलेसियाले रबर उद्योगमा कामदार भर्ना गर्नसक्ने राजदूत पाण्डेको भनाइ छ।

## "मेलम्चीको...

विश्वास व्यक्त गरिन्। सरकारले तय गरेको १५औँ योजनामा सबैमा खानेपानी पुग्ने लक्ष्य लिइएकामा आगामी आवको अन्त्यसम्म ९४ प्रतिशत आधारभूत खानेपानी पुऱ्याउने र ३२ प्रतिशतमा मध्यम तथा उच्चस्तरको स्तरको खानेपानी पुऱ्याउने गरी बजेट विनियोजन गरी सोही अनुसार कार्यक्रम कार्यान्वयन हुने मन्त्री मगरले बताइन्।

मन्त्री मगरले सबै घरधुरीमा शौचालय पुगेर नेपाल खुला दिसामुक्त राष्ट्र घोषणा भइसकेकाले अहिले यसको निरन्तरता स्थानीय तहले दिइरहेको बताइन्।

## बुधबार....

कपिलवस्तुका १० जनामा संक्रमण पुष्टि भएको छ।

प्रदेशमा अहिलेसम्म ३४ हजार ४४५ को स्वाब संकलन गरिएकामा २१ हजार ५० को रिपोर्ट नेगेटिभ आएको छ भने एक हजार २२८ जनाको रिपोर्ट आउन बाँकी छ। अहिलेसम्म १५ हजार ७३४ को आरडिटी माध्यमबाट परीक्षण गर्दा ७८२ मा पोजिटिभ देखिए भने १४ हजार ९५२ जनाको रिपोर्ट नेगेटिभ रहेको छ। प्रदेशअन्तर्गतका ४३९ क्वारेन्टिनअन्तर्गत १२ हजार ३३१, होम क्वारेन्टिनमा १४ हजार ५७९ र आइसोलेसनमा ९३९ जना बसेका छन्। देशभर अहिलेसम्म एक लाख ४९ हजार ७७२ को पीसीआर र दुई लाख ३३ हजार ५४३ जनाको आरडीटी प्रणालीबाट परीक्षण गरिएको छ। अझै देशभरका क्वारेन्टिनमा एक लाख २५ हजार बढी छन् भने पाँच हजार ९९० जना आइसोलेसनमा छन्। एक हजार १६७ जना निको भएर घर फर्किएका छन्।

**क्वारेन्टिनबाट फर्किएकामा कोरोना**

क्वारेन्टिनबाट आरडिटी नेगेटिभ देखिएपछि घर पठाइएका बर्दियाका २६ जनामा कोरोना पोजेटिभ देखिएको छ। जाँचपछि घर पठाइएका बर्दियाको बढैयाताल गाउँपालिका वडा नं १ का १५ र २ का ११ जनामा कोरोना संक्रमण पुष्टि भएको हो।

उनीहरुलाई गत जेठ २९ गते क्वारेन्टिनबाट घर पठाइएको थियो। जेठ ३१ गते स्वाब संकलन गरी नेपालगञ्ज्जस्थित भेरी अस्पतालको प्रयोगशालामा पिसिआर जाँच गर्दा आज सङ्क्रमण पुष्टि भएको गाउँपालिकाका उपाध्यक्ष दीपा गौतमले जानकारी दिनुभयो। स्वास्थ्य कार्यालयका स्वास्थ्यकर्मीमा पनि सङ्क्रमण देखिएको छ। संक्रमण पुष्टि भएका सबै वडा नं २ स्थित अमरज्योति माध्यमिक विद्यालय सीतापुरको क्वारेन्टिनमा बसेका थिए।

**उच्च सतर्कता**

एकै दिन धेरै जनामा संक्रमण पुष्टि भएपछि बढैयाताल गाउँपालिकामा सतर्कता बढाइएको छ। संक्रमण थप फैलनबाट रोक्न उच्च निगरानी बढाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन सुवेदीले बताए। वडा नं १ र २ मा अत्यावश्यक बाहेक अन्य काममा बाहिर हिँड्न निषेध गरिएको छ। भेरी अस्पताल नेपालगञ्जमा आज भएको परीक्षणका क्रममा बर्दियाका ३१ जनामा कोरोना संक्रमण पोजेटिभ देखिएकामध्ये २६ जना बढैयाताल गाउँपालिकाका हुन्।

## "उद्धारको...

खाने, बस्ने र मनोरञ्जनसम्मको व्यवस्था गरेर सम्बन्धित प्रदेशमा पठाउने गरिएको बताए। फर्किएकाहरुको रोजगारीका लागि सीप परिक्षण, पुनर्स्थापना र पुनःएकीकरणका माध्यमबाट संरक्षणका कार्यक्रमलाई एकीकृत रुपमा कार्यान्वयन गर्ने कार्यक्रम रहेको बताए।

मन्त्री यादवले औपचारिक तथा अनौपचारिक क्षेत्रका साथै वैदेशिक रोजगारीमा जाने श्रमिकलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षाको एकीकृत संरचनाभित्र आबद्ध गराइने जानकारी गराउँदै कृषि क्षेत्रमा काम गर्ने श्रमिकलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याउने तयारी भइरहेको जानकारी दिए।

वैदेशिक रोजगारीबाट फर्केका युवाको अनुभव तथा सीपको तथ्याङ्क सङ्कलन गर्ने काम शुरु भइसकेको उल्लेख गरे। सांसद्हरुले प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यकर्ता पोस्ने कार्यक्रम भएको भन्दै त्यसलाई सबै बेरोजगार युवा युवतीहरुले लाभ पाउने गरी निष्पक्ष गरिनुपर्ने माग गरेका थिए।

## जेठसम्म...

बन्द रहेको श्रम स्वीकृति खुला गरेको छैन। नेपाल सरकारले आगामी असार २१ गते सम्म अन्तर्राष्ट्रिय उडान बन्द गर्ने निर्णय गरेको छ।

**नेपाली कामदारको माग बढ्दो**

कतिपय व्यवसायीहरुले कोरोना भाइरसको उच्च सक्रमणकाबीच छिमेकी भारतले विदेश जाने केही क्षेत्रका कामदारहरुको श्रम स्वीकृति खुला गरेको सन्दर्भ उल्लेख गर्दै नेपालले पनि श्रम स्वीकृति खोल्नु उचित हुने बताउने गरेका छन्। लकडाउन खुकुलो भएको मलेसियामा विदेशी कामदारहरुको माग ह्वात्तै बढेको बताइएको छ।


**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक बिभाग**
**संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय**
**सडक डिभिजन लहान**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०३/०४

यस सडक डिभिजन लहानबाट मिति २०७६/१२/०७ मा प्रकासित सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभुत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ)५ अनुसार आर्थिक प्रस्ताव खोली मूल्याङ्कन प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | सारभूत रुपमा प्रभावग्राही सफल बोलपत्र दाताको नाम ठेगाना | आर्थिक प्रस्ताब खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| 1 | RDLHN/33701143-4/076-77/075 | Joshi/Uday JV, Rajbiraj-6, Saptari | सडक डिभिजन लहान, २०७७/०३/०९ दिनको २:०० बजे |
| | | Kasyap/Samir JV, Kalanki-14, Kathmandu | |
| | | Ajad Nirman Sewa Pvt. Ltd., Baneshwor | |
| 2 | RDLHN/33701137-4/076-77/082 | Mahadev Khimti Nirman Sewa Pvt. Ltd., Putalisadak-32, Kathmandu | |
| | | Joshi/Uday JV, Rajbiraj-6, Saptari | |
| | | Kasyap/Samir JV, Kalanki-14, Kathmandu | |
| | | Satpath Nirman Sewa Pvt. Ltd, Satdobato-15, Kathmandu | |
| | | Rautaha Construction Pvt. Ltd., Trinapa -2, Udaypur | |
| 3 | RDLHN/33701137-4/076-77/083 | Mahadev Khimti Nirman Sewa Pvt. Ltd., Putalisadak-32, Kathmandu | |
| | | Kasyap/Samir JV, Kalanki-14, Kathmandu | |
| 4 | RDLHN/33701137-4/076-77/084 | Joshi/Uday JV, Rajbiraj-6, Saptari | |
| 5 | RDLHN/33701137-4/076-77/085 | Mahadev Khimti Nirman Sewa Pvt. Ltd., Putalisadak-32, Kathmandu | |
| | | Kasyap/Samir JV, Kalanki-14, Kathmandu | |
| | | Safal/Khanal JV, Hetauda-2, Makwanpur | |
| 6 | RDLHN/33701137-4/076-77/086 | Mahadev Khimti Nirman Sewa Pvt. Ltd., Putalisadak-32, Kathmandu | |
| 7 | RDLHN/33701137-4/076-77/087 | Mahadev Khimti Nirman Sewa Pvt. Ltd., Putalisadak-32, Kathmandu | |
| | | Joshi/Uday JV, Rajbiraj-6, Saptari | |
| | | Kasyap/Samir JV, Kalanki-14, Kathmandu | |
| | | Satpath Nirman Sewa Pvt. Ltd, Satdobato-15, Kathmandu | |
| | | BNS/BBB JV, Ramnagar-7, Mirchaiya | |
| 8 | RDLHN/33701137-4/076-77/088 | Mahadev Khimti Nirman Sewa Pvt. Ltd., Putalisadak-32, Kathmandu | |
| | | Satpath Nirman Sewa Pvt. Ltd, Satdobato-15, Kathmandu | |
| 9 | RDLHN/33701137-4/076-77/089 | Mahadev Khimti Nirman Sewa Pvt. Ltd., Putalisadak-32, Kathmandu | |
| | | Joshi/Uday JV, Rajbiraj-6, Saptari | |
| | | Rautaha Construction Pvt. Ltd., Trinapa -2, Udaypur | |

**डिभिजन प्रमुख**

## एन्फामा विवाद बढ्दै

# उपाध्यक्ष र सदस्यको जिम्मेवारी खोसियो !

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार

अखिल नेपाल फुटबल संघ (एन्फा)ले वरिष्ठ उपाध्यक्ष पंकज बिक्रम नेम्वाङ्ग र सदस्य दावा लामाको जिम्मेवारी खोसेको छ ।

एन्फाले संस्थाको पदपूर्ती समिति र सदस्य समन्व्य समितिका संयोजकको भूमिकामा रहेका नेम्वाङ्ग र फुटसल कमिटिका संयोजक रहेका दावा लामालाई बाहिर राख्दै जिम्मेवारी हेरफेर गरेको हो । एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पाले उपाध्यक्ष शिक्षित पराजुलीलाई पदपूर्ती समिति र उपाध्यक्ष वीरबहादुर खड्कालाई सदस्य संस्था समन्व्यको जिम्मेवारी दिएका छन् ।

यस्तै, फुटसल कमिटिको जिम्मेवारी कार्यसमिति सदस्य रतनकुमार श्रेष्ठले पाएका छन् । नेम्वाङ्ग र लामाले पछिल्लो समय एन्फा नेतृत्वविरुद्ध फरक मत राख्दै आएका थिए ।

नेतृत्वलाई असहयोग गर्दै आएका दुवै जनालाई समितिबाट बाहिर राख्दै एन्फाले समितिमा नयाँ नेतृत्व तोकेको हो ।



एन्फा महासचिव ईन्द्रमान तुलाधरले अध्यक्षको आफ्नो अधिकार प्रयोग गर्दै दुवै जनालाई समितिबाट बाहिर राखिएको जानकारी दिए । 'अध्यक्षले हेरफेर गर्नुभएको हो । कार्यसमितिले अधिकार अध्यक्षलाई दिएको छ । सोही अनुसार जिम्मेवारी हेरफेर भएको हो ।' तुलाधरले भने । लामाको नेतृत्वमा फुटसल कमिटि गठन भएको दुई बर्ष बितेपनि कुनै कार्यक्रम तथा प्रतियोगिता सञ्चालन हुन सकेको थिएन ।

पदपूर्ती कमिटिबाट समयमै काम हुन नसकेपछि एन्फा अध्यक्ष असन्तुष्ट रहदै आएको एन्फा स्रोतले बताएको छ । सोही कारण तीनवटै कमिटिबाट नेम्बाङ्ग र लामालाई हटाउँदै नयाँ व्यक्तिलाई जिम्मेवारी तोकिएको हो । वरिष्ठ उपाध्यक्ष नेम्बाङ्ग र लामा पछिल्लो समय एन्फा नेतृत्वसंग रुष्ट रहदै आएका छन् ।

एन्फाको मानार्थ अध्यक्ष र भक्तपुर जिल्लाको बिषयमा निर्णय लिन गत सोमबारको बोलाईएको आपत्कालिन समितिको बैठकमा समेत वरिष्ठ उपाध्यक्ष नेम्बाङ्ग अनुपस्थित रहेका थिए । स्वास्थ्यको कारण देखाउँदै उनले मंगलबारको कार्यसमितिको आकस्मिक बैठकमा समेत उपस्थित भएनन् ।

कार्यसमितिमा हरेक जसो बैठकमा वरिष्ठ उपाध्यक्षले फरक मत राख्न थालेपछि एन्फा अध्यक्षसंग नेम्बाङ्गको दूरी बढेको छ ।

# चीनलाई जवाफ दिन तयार छौं : मोदी



**नयाँदिल्ली, एएनआई-** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत छिमेकी मुलुक चीनसँग शान्ति चाहन्छ भन्दै सीमामा युद्ध भड्काउन खोजिए त्यसको जवाफ दिन भारत सक्षम रहेको प्रतिक्रिया दिएका छन् । लद्दाखस्थित भारत-चीन सीमावर्ती गलवान उपत्यकामा भारतीय र चिनियाँ सैनिकबीच भएको गोलाबारीमा २० जना भारतीय सैनिकको मृत्यु भएको सम्बन्धमा प्रतिक्रिया दिँदै प्रधानमन्त्री मोदीले उक्त कुरा बताएका हुन् ।

कोरोनाभाइरसका कारण भारतमा जारी लकडाउनमा सहजीकरण गर्ने बारेमा राज्यका मुख्यमन्त्रीहरुसँग भिडियो संवाद गर्नुअघि प्रधानमन्त्री मोदीले सीमाक्षेत्रमा भएको घटनाका बारेमा राज्यका मुख्यमन्त्रीहरुलाई जानकारी गराएका थिए ।

उनले भने, 'हामीले मानव कल्याणका लागि प्रार्थना गरेका छौं । हामीले छिमेकी मुलुकहरुसँग सदैब मित्रवत र सहयोगात्मक ढंगबाट कार्य गरिरहेका छौं । हामीबीच कुनै मतभेद भए त्यसले विवादको रुप नलिओस् भन्ने हामीले प्रयास गरेका छौं । हामी कहिल्यै कसैलाई उक्साउने कार्य गर्दैनौं । तर हामी मुलुकको अखण्डता र सम्प्रभुतामाथि कुनै किसिमको सम्झौता गर्दैनौं । हामीले आफ्नो मुलुकको अखण्डता र सम्प्रभुताको संरक्षणमा आवश्यक परेको अवस्थामा सम्पूर्ण शक्ति लगाएका छौं ।'

प्रधानमन्त्री मोदीले भारतीय सेनाले गरेको बलिदान खेर जान नदिने बताए । उनले भने, 'हाम्रा लागि मुलुकको एकता र अखण्डता सबैभन्दा महत्वपूर्ण छ । कसैले पनि हाम्रो मुलुकको सुरक्षा गर्नबाट रोक्न सक्दैन । भारत शान्ति चाहन्छ तर उक्साउने कार्य भएमा जस्तोसुकै जवाफ दिन सक्षम रहेको छ ।'

प्रधानमन्त्रीको सम्बोधनका क्रममा गृहमन्त्री अमित शाह र १५ वटा राज्यका मुख्यमन्त्रीहरुको उपस्थिति थियो । उक्त कार्यक्रम हुनुअघि सीमामा मारिएका सैनिकको सम्मानमा दुई मिनेट मौनधारण गरिएको थियो ।

लद्दाखको गलवान उपत्यकामा चिनियाँ सेनासँगको भिडन्तमा कर्णेल सहित कम्तीमा २० जना भारतीय सेनाको मृत्यु भएको थियो । उक्त भिडन्तमा चिनियाँ सेनातर्फ भएको क्षतिका बारेमा केही बताइएको छैन ।

यसैबीच, गलवान उपत्यकामा भएको तनाबलाई लिएर चिनियाँ र भारतीय विदेशमन्त्रीबीच टेलिफोनमा सम्बाद भएको छ ।

# खेलाडीको जिम्मा सरकारको हो : मन्त्री विश्वकर्मा



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार

सरकारले खेलाडीहरुको सम्मानमा कुनै कसर बाँकी नराखेको पष्ट पारेको छ । आर्थिक वर्ष २०७७-०७८ को विनियोजन विधेयकमाथि राष्ट्रिय सभा बैठकमा युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्माले सरकाले खेलाडीको सुरक्षामा विशेष ध्यान दिएको पनि बताए । १३ औं सागमा पदक जित्ने खेलाडीहरुहलाई सम्मान गरिसकेको बताउँदै केही प्रशिक्षकहरुको पुरस्कार रकम नपाएको विषयमा पनि उनले प्रष्टिकरण दिएका थिए ।

उनले भने 'सरकारले पुरस्कार रकम दिन केही ढिला भए पनि प्रशिक्षकहरुको ढिलाई हुनुमा पेश्की फर्स्योट गर्न ढिला गरेकाले पुरस्कार पनि ढिला भएको थियो ।'

नयाँ आर्थिक वर्षदेखि सागका स्वर्ण पदक विजेतालाई पनि सरकारले नगद पुरस्कारको व्यवस्था गरेको पनि बताए । यसैगरी सरकार खेलाडीहरुको सुरक्षाका लागि दुर्घटना विमा, स्वास्थ्य विमा लगाएतका कुराहरुमा पनि सरकार लागि रहेको जानकारी दिए ।

# भारत चीनबीचका तनावमा संयुक्त राष्ट्रसंघको चासो



**नयाँदिल्ली, एजेन्सी-** भारत र चीनबीचको सीमामा भएको हिंसाप्रति संयुक्त राष्ट्रसंघको चासो व्यक्त गरेको बताइएको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसले सो विषयमा चासो व्यक्त गर्नुभएको हो । भारत र चीनबीचको सीमामा भएको विवाद र सैनिक झडपमा परी २० जना भारतीय सैनिकको ज्यान गएको बताइएको थियो ।

साथै संयुक्त राष्ट्रसंघका महासचिवले सो विषयमा वार्ताको माध्यमबाट विवादको समाधान खोज्नका लागि पनि आह्वान गरेको बताइएको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव गुटर्रेसकोतर्फबाट सहायक प्रवक्ताद्धारा जारी गरिएको विज्ञप्तिमा भनिएको छ- भारत र चीनबीचको सो विवादमा केही सैनिक हताहत भएको समाचार पनि हामीले सुनेका छौँ, हामीले परिस्थितिलाई थप उत्तेजक नबनाइ वार्ताको माध्यमबाट समाधान खोज्न दुवै पक्षलाई आग्रह गर्दछौं ।

भारत र चीनबीचको ग्वालन भ्यालीस्थित लदाखमा यही जुन १५ को राति भारत र चीनका सीमा सुरक्षा सैनिकबीच झडप भएको बताइएको छ । सो झडपमा परेर भारतका कम्तीमा पनि २० जना सैनिकको ज्यान गएको भारतले जनाएको छ । त्यस्तै चीनले पनि आफ्ना सैनिक मारिएको जनाएको छ । चीनका उप विदेशमन्त्री लुओ जाहोइ र चीनका लागि भारतका राजदूत विक्रम मिश्रीबीच बुधबार चीनको राजधानी बेइजिङमा भेटवार्ता भएको बताइएको छ ।

# 'कोभिड-१९' का विरुद्धको लडाइँमा अमेरिकाले भारतलाई सघाउने

**वासिङटन, एजेन्सी-**संयुक्त राज्य अमेरिकाले कोभिड १९ का विरुद्धको लडाइँमा भारतसँग साझेदारीका गर्ने जनाएको छ ।

अमेरिकाले मङ्गलबार यस्तो प्रतिबद्धता व्यक्त गरेको हो । अमेरिकाले पठाएको भेन्टिलेटरहरु बुधबार भारत आइपुगेका छन् । त्यसपछि प्रतिक्रिया दिँदै अमेरिकाले सो धारणा राखेको हो ।

अमेरिकाले भारतलाई औषधि उपकहरणहरु प्रदान गर्दै आएको छ । यसैसहयोग स्वरुप अमेरिकाले पनि पछिल्लो पटक भेन्टिलेटरहरु सहयोग गरेको बताइएको छ । यो सहयोगको पहिलो चरण बुधबार भारत पुगेको बताइएको हो । यी भेन्टिलेटरले भारतका भेन्टिलेटरमा राखेर उपचार गर्नुपर्ने अवस्थामा पुगेका विरामीको ज्यान बचाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । संयुक्त राज्य अमेरिकाको विदेश मन्त्रालयका प्रवक्ता मोगन अर्टगसले ट्वीट गरेर सो कुराको जानकारी दिएको प्राप्तसमाचारमा जनाइएको छ । भारतका लागि अमेरिकी राजदूत केनिथ जस्टरले बुधबार युएसएआइडीका तर्फबाट भारतीय रेडक्रम सोसाइटीलाइ बुधबार ती भेन्टिलेटरहरु उपलब्ध गराएका हुन् ।

# कोरोना भाइरसबाट भारतमा एकैदिनमा दुई हजारको मृत्यु



**नयाँदिल्ली, एजेन्सी-** भारतमा २४ घण्टाभित्र कोरोनाभाइरसबाट मृत्यु भएकाहरुको संख्या एक्कासी बढेको छ । अघिल्ला दिनहरुमा मृत्यु हुनेहरुको विवरण सयको संख्यामा आउने गरेकोमा बुधबार हजारको संख्यामा आएको छ ।

भारतका स्वास्थ्य अधिकारीहरुले बुधबार बिहान दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको संख्या २ हजार ३ रहेको छ । अघिल्लो दिन मङ्गलबार बिहान उक्त मन्त्रालयले दिएको जानकारी अनुसार २४ घण्टामा ३८० जनाको मृत्यु भएको थियो । योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको कुल संख्या ११ हजार ९०३ पुगेको छ ।

त्यसैगरी पछिल्लो २४ घण्टामा भारतमा १० हजार ९७४ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । भारतमा अहिलेसम्म कुल सङ्क्रमितको संख्या ३ लाख ५४ हजार ६५ पुगेको अधिकारीहरुले जनाएका छन् ।

स्वास्थ्य अधिकारीहरुका अनुसार भारतमा अहिले पनि १ लाख ५५ हजार २२७ जना सङ्क्रमित अवस्थामै रहेका छन् भने अरु १ लाख ८६ हजार ३९५ जना सङ्क्रमणमुक्त भएका छन् ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले कोरोनाभाइरसका कारण मृतकको संख्या एक्कासी बढेकोप्रति चिन्ता व्यक्त गरेको छ ।

भारतमा प्रदेश अनुसार हेर्दा सवैभन्दा धेरै सङ्क्रमित महाराष्ट्र प्रदेशमा रहेका छन् । यस प्रदेशमा अहिलेसम्म १ लाख १३ हजार ४४५ जना सङ्क्रमित भएको अधिकारीहरुले जनाएका छन् । ती मध्ये कुल ५० हजार ५७ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने अरु ५७ हजार ८५१ जना सङ्क्रमणमुक्त भइसकेका छन् ।

त्यसैगरी दोस्रो धेरै सङ्क्रमित रहेको तमिलनाडु प्रदेशमा ४८ हजार १९ जना रहेका छन् । राजधानी रहेको दिल्ली प्रदेशमा ४४ हजार ६८८ जना सङ्क्रमित भएका छन् ।

# डिफिडलाई परराष्ट्रमा गाभ्ने बेलायत सरकारको निर्णय

**लण्डन, एजेन्सी-**बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनले डिपार्टमेन्ट फर इन्टरनेसनल डेभलपमेन्ट (डिफिड) लाई अबदेखि परराष्ट्रअन्तर्गत गाभ्ने बताएका छन् ।

साप्ताहिक रूपमा संसदमा हुने 'प्रश्न सोध्ने समय' अन्तर्गत प्रधानमन्त्री जोन्सनले मङ्गलबार डिफिडलाई परराष्ट्रमा गाभ्ने बताएका हुन् ।

बेलायती जनताले तिरेको करको उच्च महत्त्व होस् भनेर लामो समयदेखि गर्न खोजेको यो काम अब गर्नुपर्ने उनले बताए । सरकारको यो कदमको सत्तापक्ष पार्टीका प्रभावशाली नेता डेभिड क्यामरुन र प्रमुख प्रतिपक्षी दलका नेता गोर्डन ब्राउन दुवैले आलोचना गरेका छन् ।

प्रधानमन्त्री भइसकेका क्यामरुनले यो कार्यले बाहिरी देशहरूले बेलायतलाई हेर्ने दृष्टिकोण कम सम्मानजनक हुने बताएका छन् ।

डिफिडमार्फत विश्वका विभिन्न देशमा दिइँदै आएको रकममा भ्रष्टाचारको गन्ध रहेको भनी २ वर्षअघि डिफिडको कार्यशैलीप्रति बेलायती समाजमा आलोचनासमेत भएको थियो । नेपालजस्ता विकासोन्मुख मुलुकलाई प्रत्येक वर्ष नियमित सहयोग गरिराख्ने डिफिडले सन् २०१५ को भूकम्पका बेला र हालको महामारीमा नियमितभन्दा बढी आर्थिक सहयोग दिएको थियो ।

स्थापनाको २३ वर्ष पूरा गरेको डिफिडमा यसभन्दा पहिला पनि केही विवास्पद घटनाका कारण छुट्टै राख्न नहुने कतिपय अर्थशास्त्रीको तर्क थियो ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/११/०६ गते बेलुका ५:३० बजे तारकेश्वर नपा, लामबगर, काठमाडौंबाट प्रदेश नं. ३-०२-००३ प ८३११ नम्बरको रातो र कालो १५० CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु हुन अनुरोध गर्दछु ।

**सवारी धनी : प्रकाश कार्की**
**ठेगाना : कविलास-२, नुवाकोट**
**च्यासिस नं:** MD2PHC18JPE03092
**इन्जीन नं :** DKYRJE36923
**सम्पर्क : ९८५१०४५२४६**

**स्कुटर हराएको सूचना**

मिति २०७६।१२।०५ गते बेलुका १०:०० बजे का.जि. गोकर्णेश्वर न.पा. वडा नं. ६, काठमाडौं, नयाँबस्तीस्थीत घरको गेटभित्रबाट प्रदेश नं.३-०२-०१४ प ४९७९ नं. को पहेलो कालो रङ्गको होण्डाको डिओ स्कुटर ११० सि.सि.को स्कुटर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभाबहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनी : धन कुमारी खनाल**
**ठेगाना : गोकर्णेश्वर-६, नयाँबस्ती, काठमाडौ**
**च्यासिस नं:** ME4JF39JCK8003104
**इन्जीन नं :** JF39E85004697
**सम्पर्क : ९८६०४८९४८६**

**Mandandeupur Municipality**
**Mahadevasthan, Kavre**
**Nepal**

**Invitation for Sealed Quotation**

**Date of first Publication : 18th June, 2020**

1. The Mandandeupur Municipality invites sealed quotations from registered contractors for the construction of Following Project.

| S. N. | Contract Identification No. | Bid Security Amount. NRS | Cost of Bid Document Nrs. | Estimated Amount (With VAT) Nrs. | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | 26/SQ/ MDM/076/77<br>Churithumka Khop Kendra Nirman | 15605.00 | 1000 | 624191.42 | 45 days |
| 2 | 27/SQ/ MDM/076/77<br>Baikalpik Sadak Aanshikhola Crossing Nirman | 49910.00 | 1000 | 1996293.85 | 45 days |
| 3 | 28/SQ/ MDM/076/77<br>Tapeshwor Khop Kendra Nirman | 16230.00 | 1000 | 649085.02 | 45 days |
| 4 | 29/SQ/ MDM/076/77<br>THakurigaun Sauchalaya Nirman | 16740.00 | 1000 | 669614.64 | 45 days |

2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Mandandeupur Municipality, Mahadevasthan , Kavre Nepal .
3. A complete set of Sealed Quotations may be purchased from the following office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, VAT/PAN registration certificate, and latest Tax clearance certificate and upon payment of a non-refundable fee of 1000.0 NRs till 2nd 2020, 17:00 pm.
4. Sealed Quotations must be submitted to the above office on before 3rd July 2020, 12:00 hours. Documents received after this deadline shall not be accepted.
5. Quotations must be valid for a period of 45 days after opening of sealed quotations and must be accompanied by Cash Security or Bank Guarantee, which shall be valid for 75 days after opening of the Sealed Quotations.
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited as described below, and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
**Name of the Bank : Global IME Bank**
**Name of Office : Mandandeupur Municipality, Mahadevasthan Kavrepalanchowk**
**Account Name : Dharauti Khata**
**Office Account no. : N404010000008**
7. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 3rd July 2020 14:00 hours at the office of Mandandeupur Municipality.
8. Different in digit and alphabet rate listed in BoQ, then the amount written in alphabet (word) will be validate.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day.
10. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.The Employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



## विद्युतको नयाँ शुल्क तोकियो

# उपभोक्तालाई सहुलियत




**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार

विद्युत नियमन आयोगको सोमबार बसेको संचालक समितिले नयाँ विद्युत महशुल दर तोकेको छ । आयोगले असार महिनादेखि लागु हुनेगरी उक्त महशुल दर तोकेको हो । यस्तै आयोगले व्यवसायिक क्षेत्रका लागि यसअघि प्रयोगमा रहेको डेडिकेटेड र ट्रंकलाइनको प्रावधान पनि हटाएको छ । नेपाल विद्युत प्राधिकरणले गत मंसिरमा नयाँ विद्युत महशुल दर तोक्नका लागि आयोगमा प्रस्ताव पठाएको थियो । उक्त प्रस्तावका आधारमा आयोगले विस्तृत अध्ययन गरी नयाँ विद्युत महशुल दर तोकिएको हो । आयोगले गार्हस्थ वर्गको सिंगल फेज तल्लो भोल्टेज अर्थात २३० भोल्टको लाइनबाट विद्युत खपत गर्ने उपभोक्ता अन्तर्गतका उप-समूहको न्यूनतम (डिमाण्ड) शुल्कमा ११ दशमलव ११ प्रतिशतदेखि ३३ दशमलव ३३ प्रतिशत सम्मको घटौती गरिएको जानकारी दिएको छ ।

यस्तै आयोगका अनुसार इनर्जी शुल्कको हकमा गरेको ५ एम्पियरको लाइनबाट मासिक १० किलोवाट घण्टासम्म विद्युत खपत गर्ने गरिब तथा न्यून आय भएका उपभोक्ताका लागि इनर्जी शुल्क नलाग्ने गरी निर्णय समेत गरेको छ । साथै सबै एम्पियरको लाइनमार्फत मासिक २१ भन्दा बढी किलोवाट घण्टासम्म खपत गर्ने बाँकी उपसमूहको इनर्जी शुल्कमा ५ प्रतिशतदेखि ९ दशमलव ९ प्रतिशतसम्मको घटौती गरिएको छ ।

गार्हस्थ वर्गको थ्री फेज तल्लो भोल्टेज ९४०० भोल्ट को लाइनबाट विद्युत खपत गर्ने उपभोक्ता समूहको न्यूनतम शुल्कमा कुनै परिवर्तन गरिएको छैन भने मासिक ४०० किलोवाट घण्टासम्म विद्युत खपत गर्ने उपभोक्ताको इनर्जी शुल्कमा ८४ र ४०० किवा घण्टाभन्दा माथि विद्युत खपत गर्ने उपभोक्ताको इनर्जी शुल्कमा ११.११४ घटौती गरिएको आयोगको भनाई छ । गार्हस्थ वर्गको फेज मझौला भोल्टेज ९३३ र ११ केभीको लाइनबाट विद्युत खपत गर्ने उपभोक्ता समूह अन्तर्गत मासिक २००१ किलोवाट घण्टाभन्दा धेरै विद्युत खपत गर्ने उपभोक्ताको इनर्जी शुल्क ७ दशमलव ६९ प्रतिशत ले घटाइएको छ भने बाँकी महसुल यथावत राखिएको छ ।

अन्य उपभोक्ता अन्तर्गतका सामुदायिक खानेपानी वर्गको डिमाण्ड शुल्क हटाइएको छ भने इनर्जी शुल्कमा २३ दशमलव ३३ प्रतिशत सम्मको घटौती गरिएको छ । अन्य खानेपानी वर्गको डिमाण्ड शुल्कमा ३१ दशमलव ८२ प्रतिशत सम्मको कटौती गरिएको छ। सिंचाई वर्गको लागि आवश्यक कृषि मिटरको प्रयोगमा डिमाण्ड शुल्क हटाइएको छ भने यातायात तथा १३२ केभी लाइनको प्रयोग गर्ने औद्योगिक उपभोक्ताहरुका लागि नयाँ महसुल दर कायम गरिएको छ। बाँकी उपभोक्ताको महसुल भने यथावत राखिएको छ ।

टाइम अफ डे (टिओडी) मिटर जडान गरेका उपभोक्ताहरुको हकमा यातायात तथा १३२ केभी लाइनको प्रयोग गर्ने औद्योगिक उपभोक्ताहरुका लागि नयाँ महसुल दर कायम गरिएको छ । सामुदायिक खानेपानी वर्गको डिमाण्ड शुल्क हटाइएको छ भने इनर्जी शुल्कमा २२ दशमलव ९५ प्रतिशत सम्मको घटौती गरिएको छ र अन्य खानेपानी वर्गको डिमाण्ड शुल्क ३१ दशमलव ८२ प्रतिशत ले घटाइएको छ । त्यसैगरी सिंचाई वर्गको डिमाण्ड शुल्क हटाइएको छ भने बाँकी महसुल दर यथावत राखिएको छ ।

हालसम्म विद्युत प्राधिकरणले डेडिकेटेड तथा ट्रंकलाइनको माध्यमबाट जडान गरिएका औद्योगिक, व्यापारिक तथा गैहव्यापारिक उपभोक्तालाई ६५ प्रतिशतसम्म अतिरिक्त शुल्क लिइरहेकोमा यसलाई पूर्णरुपले हटाईएको छ । ६६ केभी लाइन मार्फत विद्युत खपत गर्ने औद्योगिक उपभोक्ताको इनर्जी शुल्कमा पिक, अफ पिक तथा अन्य समयमा क्रमशः ८ दशमलव ६० प्रतिशत, १४ दशमलव ४६ प्रतिशत तथा १० दशमलव ६७ प्रतिशत ले बृद्धि गरिएको छ । जसले गर्दा यस वर्गका उपभोक्ताले प्राधिकरणलाई तिर्नुपर्ने अतिरिक्त शुल्कमा क्रमशः ५६ दशमलव ४० प्रतिशत, ५० दशमलव ४० प्रतिशत तथा ५४ दशमलव ३३ प्रतिशत ले कमी आउन जान्छ । देशमा उत्पादित बिद्युतको बहुआयामिक उपयोग गर्न तथा आयातित पेट्रोलियम पदार्थ उपरको परनिर्भरता कम गर्न यातायातको लागि डिमाण्ड शुल्क नलाग्ने गरी नयाँ टाइम अफ डे (टिओडी) विद्युत महसुल दर कायम गरिएको छ। यसमा बर्षादको मौसममा अफ पिक समयमा पिक समय भन्दा करिब ४७ प्रतिशत सम्मले कम दर कायम गरिएको छ । त्यसैगरी अन्य यातायातको हकमा बर्षादको मौसममा अफ पिक समयमा पिक समयको भन्दा करिब ६० प्रतिशत सम्मले कम दर कायम गरिएको छ। ग्राहस्थ बर्गको सिंगल फेज तल्लो भोल्टेज ९२३ (भोल्ट) को इनर्जी शुल्कको हकमा गरेको ५ एम्पियरको लाइनबाट ० देखि १० किलोबाट घण्टा सम्म विद्युत खपत गर्ने उपसमूहको इनर्जी शुल्क नलाग्ने निर्णय सामुदायिक थोक उपभोक्ताको हकमा पनि लागु हुनेछ ।

## सरकारी कम्पनीमार्फत उपत्यकामा खाद्य सामग्री: नि:शुल्क डेलिभरी गरिने




**काठमाडौं/मस**-खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा उपलब्ध सुपथ मूल्यका सामग्री ग्राहकले अनलाइनबाटै माग गरेमा नि:शुल्क डेलिभरी गरिने भएको छ । कम्पनीका उपमहाप्रबन्धक मोतिराज ज्ञवालीका अनुसार बन्दाबन्दीको अवस्थामा रोगको सङ्क्रमणको जोखिम हुने भएकाले ग्राहकको सहजताका लागि यसरी सेवा थालिएको हो । यसअघि चक्रपथभित्र शुरु भएको सेवा अब भने चक्रपथ बाहिर पनि शुरु गरिएको उनले बताए ।

इकमर्सको अर्डर लिने र डेलिभरी गर्नका लागि सस्तोडिल डटकमसँग सहकार्य भएको छ । त्यसका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र इकमर्स कम्पनी सस्तोडिल डटकम (कबकतयमभबा अफ) बीच व्यापार साझेदारी सम्झौता भएको ज्ञवालीले जानकारी दिए । उनका अनुसार अबका दिनमा भने आफ्नै कर्मचारीसँगै सस्तो डिलमार्फत सामान घर-घरमा पुर्‍याइने छ ।

साझेदारीसँगै खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा उपलब्ध सुपथ मूल्यका सामग्री सस्तो डिलले नि:शुल्क रूपमा होम डेलिभरी गर्न थालिएको सस्तोडिल डटकमका निर्देशक अमुन थापाले जानकारी दिए । अहिलेको अवस्थामा सामाजिक सेवाकै रूपमा सरकारलाई सहयोग गर्नका लागि काम थालिएको र यसको सिकाइका आधारमा देशभर सेवा सञ्चालन गर्ने उद्देश्य रहेको उनले बताए ।

उनले कुनै पनि सेवा नलिइ सरकारी उत्पादन त्यही मूल्यमा नि:शुल्क रूपमा घरसम्म डेलिभिरी गरिने समेत बताए । उपत्यकाको चक्रपथभित्र यसअघि नै सञ्चालन भएको सेवा अहिले भने चक्रथप बाहिर पाँच किलोमिटरसम्म पुगेर दिइने उनले बताए ।

कोभिड१९ को महामारीले गर्दा लकडाउन शुरु भएसँगै इकमर्स सेवाको माग ह्वात्तै बढेको छ । सोही कारण कम्पनीले इकमर्स सेवा शुरु गरेको थियो । ग्राहकले सस्तो डिलको वेबसाईट वा मोबाइल एप प्रयोग गरी अर्डर गर्न सक्नेछन् । हाल दाल, चामल, नुन, डिडिसिका उत्पादन लगायतका सामग्री सुचिकृत गरिएको छ । अर्डर गरेको एक दिनभित्रै डेलिभरी हुने र कम्तीमा दुई हजारदेखि बढीमा पाँच हजारसम्मको अर्डर गर्न सकिने कम्पनीले जनाएको छ ।

## गभर्नरसमक्ष चेम्बर अफ कमर्सको ४० बुँदे सुझाव



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ असार

नेपाल चेम्बर अफ कमर्सले नेपाल राष्ट्र बैंकका समक्ष ४० बुँदे सुझाव पेश गरेको छ । चेम्बरका अध्यक्ष राजेशकाजी श्रेष्ठले २०७७/७८को मौद्रिक नीतिले सम्वोधन गर्नु पर्ने बिषयहरु राष्ट्र बैंकका गभर्नर महा प्रसाद अधिकारी समक्ष पेश गरेका हुन् ।

उक्त अवसरमा चेम्बरका अध्यक्ष श्रेष्ठले कोभिड-१९को बिषम परिस्थितिमा बजेट मार्फत निजी क्षेत्रको समस्या र माग बारे अपेक्षा गरे बमोजिम सम्वोधन हुन नसकेको सन्दर्भमा समस्त व्यवसायी क्षेत्रले मौद्रिक नीतिबाट सम्वोधन हुने आशा राखेको बताए। अध्यक्ष श्रेष्ठले चेम्वरका सुझावहरु वुंदागत रुपमा प्रस्तुत गर्नु हुंदै नेपाल राष्ट्र बैंक नेपाल सरकारको सल्लाहकारको भूमिका समेत निर्वाह गर्ने भएकोले कोभिड-१९बाट प्रभावित अर्थतन्त्रको पुनरुत्थान गर्न र बर्तमान अवस्थामा बन्द भएका आर्थिक गतिविधिहरु चलायमान बनाउन व्यवसायीक क्षेत्रका अन्य मागहरुलाई सम्वोधन गरी व्यवसायीक वातावरण बनाउन पहल गरी दिने बिश्वास चेम्बरले लिएको बताए । उक्त अवसरमा राष्ट्र बैंकका गभर्नर महा प्रसाद अधिकारीले चेम्बरबाट प्रस्तुत अधिकांश सुझावहरु बर्तमान परिस्थिति बमोजिमको यथार्थ माग अनुसारनै रहेको बताउँदै अहिले तरलता, रेमिट्रयान्स प्रवाह एवम् बिदेशी मुद्राको संचिति सन्तोषजनक अवस्थामा रहेकोले लगानीको लागि पुँजीको अभाव नरहेको बताए । यस परिस्थितिमा उद्यमी व्यवसायीहरुको खांचो रहेको उनले बताए ।

नेपाल सरकारले आगामी आर्थिक वर्ष २०७७र७८को बजेटले निजी क्षेत्रले अपेक्षा गरे अनुसारको व्यवस्था गर्न सकेको छैन । निजी क्षेत्रलाई उत्साहित बनाउन तथा निजी क्षेत्रको मनोबल कायम राखी आर्थिक पुनरुत्थान गर्न नेपाल राष्ट्र बैंकले आगामी मौद्रिक नीति मार्फत अधिकतम प्रयास गर्न पर्ने चेम्बरको अपेक्षा रहेको छ

चेम्बरले पूर्ण रुपले विस्तारित प्रकृतिको मौद्रिक नीति आजको आवश्यकता रहेको भन्दै आगामी मौद्रिक नीति कोभिड १९ बाट प्रभावित अर्थतन्त्रको पुनरुत्थानमा केन्द्रित रहनु पर्ने माग छन् । यस्तै कोभिड १९ को प्रभावबाट शिथिल भएको अर्थतन्त्रलाई चलायमान (गतिशील) बनाउन आवश्यक व्यवस्थाहरु गरिनु पर्दछ । मौद्रिक नीति तरलता व्यवस्थापनमा केन्द्रित हुनु पर्दछ । तरलता अभावको अन्त्यका लागि अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन रणनीति अख्तियार गरिनुपर्छ। मौद्रिक नीतिले आर्थिक स्थायित्व प्रदान गर्न सक्नु पर्दछ। आ.व. ०७७/७८ को बजेटले निर्देशित सात प्रतिशत वृद्धिदरको लक्ष्य हासिल गर्न वर्तमान अवस्थामा अत्यन्त चुनौतिपुर्ण देखिन्छ। विस्तारित मौद्रिक नीतिको साथै प्रतिस्पर्धी अर्थतन्त्रको विकासले मात्र आर्थिक गतिविधिहरु गतिशिल हुन सक्दछ । सरकारले राखेको लक्ष्यलाई पूरा गर्न कोरोना प्रभावित अर्थतन्त्रको पुनरुत्थान एवम् शिथिल अर्थतन्त्रलाई गतिशील बनाउन निम्न अनुसारको पुनरकर्जाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

कोभिड-१९ को प्रत्यक्ष प्रभाव परेका साना ठूलो सम्पूर्ण व्यावसायिक एवम् औद्योगिक क्षेत्रको पुनरुत्थानको लागि १०० अर्बको कोभिड(१९ प्रभावित पुनर्कर्जा नामले विशेष व्यवस्था गरिनुपर्ने । १ वर्षदेखि ३ वर्षसम्मको लागि ३ प्रतिशत ब्याजदरमा एकद्वार प्रणालीबाट कर्जा प्रवाह गरिनुपर्ने चेम्बरको माग छ ।

## बैंक अफ काठमाडौंले गर्‍यो बीमा दावी भुक्तानी





**काठमाडौं/मस**–बैंक अफ काठमाण्डू लिमिटेडको विराटनगर शाखाले बिओके प्रिमियम तलब खाता अर्न्तगतको विभिन्न सुबिधाहरुमध्ये दुर्घटनाजन्य मृत्यु तथा पूर्ण अशक्तताको सात लाख रुपैयाँको बीमा दाबी रकम हालै खाताबाहकको परिवारलाई हस्तान्तरण गरेको छ ।

उक्त शाखाका खातावाहक अमिर चौधरीको दुर्घटनामा परी असामयिक निधन भएकोले बैंकले बीमा सेवा प्रदायक कम्पनी सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेडसंग समन्वयमा बैंक प्रदेश नं. १ का प्रादेशिक कार्यालय प्रमुख दिपेन्द्र बुढाथोकीले उक्त बीमा दाबी रकम स्व. चौधरीका श्रीमती मनिषा चौधरीलाई हस्तान्तरण गरेका थिए ।

बैंकले हाल ८९ शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टर मार्फत आफ्ना ग्राहक महानुभावहरुलाई बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आईरहेको छ ।


महिला हिंसा अन्त्य गरौं, शुन्य सहिष्णुता कायम गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु




नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?




मध्यान्ह
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९८२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**